# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ८१ | काठमाडौं | बिहीबार, २८ असार २०८० | Prabhab National Daily | Thursday, July 13, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


कोशीमा मुख्यमन्त्री नियुक्ति विवाद

## थापाको पद तत्काललाई जोगियो

**काठमाडौं (प्रस)**- कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाको पद तत्कालका लागि जोगिएको छ । हप्तादिनअघि सभामुख बाबुराम गौतमसहितको समर्थनमा थापा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । नेपाली कांग्रेस कोशी प्रदेशका संसदीय दलका नेता थापा मुख्यमन्त्री भएसँगै वैधानिकताको प्रश्न उठाउँदै एमाले संसदीय दलका नेता हिक्मत कार्कीले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए ।

- मुद्दाको अन्तिम किनारा नलागेसम्मका लागि कोशी सरकारलाई दीर्घकालीन महत्त्वको कामकाज गर्न सर्वोच्चको रोक
- प्रदेश प्रमुख परशुराम खापुङ, मुख्यमन्त्री उद्धव थापा, प्रदेशसभाका सभामुख बाबुराम गौतमलाई साउन ३ भित्र लिखित जवाफ पेस गर्न सर्वोच्चको आदेश
- ७ साउनदेखि यो मुद्दाको निरन्तर सुनुवाइ गर्नका लागि पेसी तोक्न प्रशासनलाई सर्वोच्चको आदेश

उक्त मुद्दामा बुधबार सुनुवाइ गर्दै सर्वोच्चले कोशी प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न अन्तरिम आदेश जारी गर्‍यो । न्यायाधीश सपना प्रधान मल्लको इजलासले मुद्दाको अन्तिम किनारा नलागेसम्मका लागि कोशी सरकारलाई दीर्घकालीन महत्त्वको कामकाज गर्न रोक लगाएको हो । 'अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा तत्कालै लिखित जवाफ पेस गर्ने र इजलासबाटै निर्णयार्थ सुनुवाइको मिति तोकिएको हुँदा प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम प्रत्यार्थीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ,' आदेशमा भनिएको छ ।

कार्कीले मुख्यमन्त्री थापा, प्रदेश प्रमुख परशुराम खापुङ र सभामुख गौतमलाई विपक्षी बनाउँदै मुद्दा दायर गरेका थिए । सर्वोच्चले यी विषयमा साउन ३ भित्र प्रदेश प्रमुख खापुङ, मुख्यमन्त्री थापा, प्रदेशसभाका सभामुख गौतमलाई लिखित जवाफ पेस गर्न आदेशसमेत दिएको छ ।

सर्वोच्चले उद्धव थापालाई मुख्यमन्त्रीमा नियुक्त गर्न पेस भएको प्रस्ताव, समर्थन, दावी, हस्ताक्षर र नियुक्तिको सक्कल फाइल ३ साउनभित्र झिकाउन आदेश दिएको छ । त्यससँगै ७ साउनदेखि यो मुद्दाको निरन्तर सुनुवाइ गर्नका लागि पेसी तोक्न पनि अदालत प्रशासनलाई आदेश दिएको छ । मिति २०८० साउन ७ गतेको पेसी तोकी (बाँकी पृष्ठ २ मा)

प्रधानमन्त्री दाहाललाई वियोगमाथि वियोग

# सारथि गुमाउँदा विक्षिप्त

- पार्किन्सनजस्तो देखिने दुर्लभ रोगबाट ग्रस्त सीता केही वर्षयता अचेत अवस्थामा थिइन्
- जेठी छोरी ज्ञानु र छोरा प्रकाशको निधनपछि सीताको स्वास्थ्य थप बिग्रिएको थियो
- नर्भिक जहाँ सीताको निधन भयो, त्यही छ वर्षअघि छोरा प्रकाशलाई मृत घोषणा गरिएको थियो
- १० वर्षको अवधिमा प्रधानमन्त्री दाहालले तीन जना प्रियजनलाई गुमाएका छन्









■ प्रभाव संवाददाता

**काठमाडौं**- प्रधानमन्त्री पुष्पकमल दाहालकी पत्नी सीता पौडेल दाहालको निधन भएको छ । बुधबार बिहान काठमाडौंको थापाथलीस्थित नर्भिक अस्पतालमा सीताको निधन भएको हो । सीताको निधनमा देशका शीर्ष नेतादेखि विदेशस्थित राष्ट्र प्रमुखहरूले दुःख व्यक्त गरे ।

सीताको बुधबार नै राजकीय सम्मानका साथ पशुपति आर्यघाटमा अन्त्येष्टि गरियो । उनको पार्थिव शरीरमा प्रधानमन्त्री दाहालसँगै छोरीहरू रेणु र गंगाले दागबत्ती दिए । त्यसअघि श्रद्धाञ्जली अर्पण गर्न सीताको पार्थिव शरीर नर्भिक अस्पतालबाट पेरिसडाँडास्थित नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालयमा राखिएको थियो । जहाँ माओवादीसहित विभिन्न दलका नेता, कार्यकर्ता, सर्वसाधारण एवं उनका शुभेच्छुकहरू पुगेर श्रद्धाञ्जली अर्पण गरेका थिए । पशुपति आर्यघाटमा पनि ठूलो संख्यामा शुभेच्छुकहरू जम्मा भएका थिए । जहाँ पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, माधवकुमार नेपाललगायत पुगेका थिए ।

२०११ असार २१ गते कास्कीको हेम्जामा जन्मिएकी सीताको २०२६ मा प्रधानमन्त्री दाहालसँग विवाह भएको (बाँकी पृष्ठ २ मा)



## सबैलाई मिलाउने 'आमा'

**काठमाडौं (प्रस)**- प्रधानमन्त्री पुष्पकमल दाहालकी धर्मपत्नी सीता दाहाललाई नेकपा माओवादी केन्द्रका नेता तथा कार्यकर्ताले संकटमा जोगाउने र सबैलाई मिलाएर लैजाने अभिभावकका रूपमा लिने गरेको स्मरण गरेका छन् ।

पार्टी केन्द्रीय कार्यालयमा श्रद्धाञ्जली दिन पुगेका नेता तथा कार्यकर्ताले सीतालाई माओवादीका (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# पुन:एकीकरण कार्यक्रममा खर्च नभएको रकम फिर्ता गर्न बोर्डको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं**- वैदेशिक रोजगार बोर्डको सचिवालयले पुन:एकीकरण कार्यक्रम सञ्चालनका लागि पठाइएको रकम खर्च नभए फिर्ता गर्न सम्बन्धित स्थानीय तहहरूलाई निर्देशन दिएको छ । बोर्डले पुन:एकीकरण कार्यक्रमका लागि चालु आर्थिक वर्षमा रकम पठाएका ८१ स्थानीय तहलाई बुधबार परिपत्र गर्दै उक्त निर्देशन दिएको हो ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि कार्यक्रम सञ्चालन गर्न बोर्डले ती स्थानीय तहहरूलाई बजेट पठाएको थियो । उक्त बजेट यही असार २५ गतेभित्र खर्च गरी बाँकी रहेको रकम फिर्ता पठाउन आग्रह गरिएको हो । चालु आर्थिक वर्षका लागि सरकारी कार्यालयहरूबाट हुने भुक्तानी यही असार २४ गतेबाट बन्द भइसकेको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार असार २४ सम्म प्रणालीमा इन्ट्री भएका चेक असार २५ सम्म साट्नसक्ने व्यवस्था थियो । त्यसपछि चेकको भुक्तानी बन्द भएको हो । सोही कारण बोर्डले स्थानीय तहहरूलाई बाँकी रकम फिर्ताका लागि परिपत्र गरेको हो ।

बोर्डले चालु आर्थिक वर्षभित्र खर्च गर्नेगरी ८१ स्थानीय तहलाई कूल १३ करोड ६८ लाख ९० हजार ५०० रूपैयाँ रकम पठाएको थियो । जसमा अधिकांश स्थानीय तहले १७ लाख २० हजार रूपैयाँका दरले रकम पाएका थिए । सबैभन्दा कम रकम आठ लाख ६० हजार रूपैयाँ थियो । केही स्थानीय तहले भने २५ लाख ८० हजार रूपैयाँसम्म पाएका थिए । उक्त रकमबाट कुन स्थानीय तहले कति रकम खर्च गरे भन्ने विवरण हालसम्म प्राप्त नभएको बोर्डले जनाएको छ ।




> बोर्डले चालु आर्थिक वर्षभित्र खर्च गर्नेगरी ८१ स्थानीय तहलाई कूल १३ करोड ६८ लाख ९० हजार ५०० रूपैयाँ रकम पठाएको थियो । जसमा अधिकांश स्थानीय तहलाई १७ लाख २० हजार रूपैयाँका दरले रकम पठाइएको थियो ।

वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई समाजमा पुन:स्थापित गराउने, यही उद्यमशीलतामा जोडेर पुन: विदेश फर्कनुपर्ने वातावरण अन्त्य गर्ने तथा उनीहरूले विदेशमा सिकेका सीप र हासिल गरेका ज्ञानलाई उपयोग गरी उद्यमशीलता प्रवर्द्धन गर्ने लक्ष्यका साथ सरकारले पुन:एकीकरण कार्यक्रम सञ्चालन गरेको हो । स्थानीय तहमार्फत यो कार्यक्रम सञ्चालन गर्ने योजनाअनुसार ८१ वटा स्थानीय तहसँग कार्यक्रम सञ्चालनका लागि सम्झौता गरेको थियो । त्यसरी सम्झौता गरेका स्थानीय तहहरूलाई बोर्डले रकम पठाएको हो ।

कार्यक्रमअन्तर्गत उद्यमशीलता प्रवर्द्धनका लागि सीपमूलक तालिम सञ्चालन र लाभग्राहीका लागि प्राविधिक तथा वित्तीय सहयोग (औजार सामग्री सहयोग र उद्यमशीलता प्रवर्द्धन जीवनउपयोगी वस्तु सामग्री सहयोग तथा पशुपन्छी बिमासमेत) गर्न सकिने बोर्डले जनाएको छ ।

पुन:एकीकरण कार्यक्रमले बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था अन्त्य गर्ने अपेक्षा सरकारको छ । यद्यपि, यसको प्रभावकारिता कस्तो हुन्छ हेर्न बाँकी नै छ । हाल मुलुकमा रोजगारीको अवसर नहुँदै दैनिक करिब दुई हजार नेपालीले वैदेशिक रोजगारीका लागि देश छाडिरहेको तथ्यांक छ । सरकारले उनीहरूलाई स्वदेशमै बस्ने वातावरण बनाउने बताए पनि व्यवहारमा त्यस्तो गर्न सकेको छैन । यो विषय राजनीतक दलहरूको चुनावी एजेण्डा बने पनि चुनावपछि एजेण्डा कार्यान्वयनमा दलहरू चुक्दै आएका छन् । सरकार अस्थिर बन्दा मुलुक विकास र समृद्धिको लक्ष्यअनुसार अगाडि बढ्न नसकेको विश्लेषकहरूको भनाइ छ । यसरी बढ्दो वैदेशिक रोजगारीको बाध्यात्मक अवस्था अन्त्य गर्ने उद्देश्यले ल्याइएको पुन:एकीकरण कार्यक्रमको अवधारण सकारात्मक भएकोले कार्यान्वयनमा जोड दिनुपर्ने सरोकारवालाहरूले बताएका छन् ।




# सिकाइमा बहुभाषिक नीत अवलम्बन गर्नुपर्ने निष्कर्ष

**काठमाडौं**– बालबालिकाको सिकाइमा गुणस्तर तथा प्रभावकारिता बढाउन बहुभाषिक माध्यमको सिकाइसम्बन्धी नीत ल्याउनुपर्ने एक अध्ययनले निष्कर्ष निकालेको छ। 'नेपालमा बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषा नीतको प्रभावप्रतिको बुझाइ' शीर्षकमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, युनेस्को र ब्रिटिस काउन्सिलको सहकार्यमा युनिसेफ नेपालले गरेको अध्ययनमा हालसम्म बहुभाषिक माध्यमको सिकाइबारे कुनै एकरूप नीत नभएकाले कक्षाकोठा, कार्यस्थल र समाजमासमेत यसबारे स्पष्ट बुझाइ हुनुपर्ने सुझाव दिइएको हो।

'नेपालमा सबै प्रकारका विद्यालयमा बहुभाषिकताका आधारमा सिकाइ हुनुपर्छ। यो सिकाइमा अवरोध या समस्या नभई सकारात्मक सोच हुनेछ,' अध्ययनको निचोडमा भनिएको छ, 'सिकाइस्तरको मूल्यांकन पनि एउटै भाषाका आधारमा नभई बहुभाषिकताका आधारमै हुनुपर्छ।' संविधानतः सबै मातृभाषा राष्ट्रभाषा भनिए पनि व्यवहारतः सबै भाषाको समान मान्यता नरहेको अवस्थामा अध्ययन प्रतिवेदनले सबै भाषाको सबलीकरणका लागि सरकारको प्रतिबद्धता समानरूपमा व्यक्त हुन सकेमा न्याय र समानता मिल्ने उल्लेख गरेको छ।

डा. प्रेमप्रसाद पौडयाल र डा. टुयासी कोष्टीले नेतृत्व गरेको उक्त अध्ययनले बहुभाषाका माध्यममा पढाइनुलाई समस्या वा चुनौती नठान्न भनिएको छ। बालबालिकालाई उनीहरूको बोलिचालीको भाषामा पढाएमा कक्षा कोठामा सहजता हुनाका साथै धेरै अन्तर्क्रिया भई सिकाइमा अभ्यस्त हुने र सिकाइको आधारस्तम्भ बलियो हुने अध्ययनको सार रहेको छ।

अध्ययन प्रतिवेदन सार्वजनिक गर्न बुधबार आयोजित कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीले प्राप्त सुझावलाई थप अध्ययन गरी शिक्षाको गुणस्तर सुधार्ने लक्ष्यका साथ नीतगत परिवर्तन गरिने बताइन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले बहुभाषिक सिकाइ नीतलाई चरणबद्ध कार्यान्वयनमा लान सकिने जानकारी दिए। बहुभाषी नेपालमा १२४ मातृभाषा छन् भने करिब ४५ प्रतिशतले खस नेपाली भाषी छन्। *रासस*

## सारथि गुमाउँदा...

पृष्ठ १ बाट जारी

थियो। तीन छोरी र एक छोराकी आमा सीताले आफू जीवित छँदै जेठी छोरी ज्ञानु र छोरा प्रकाशलाई गुमाएकी थिइन्। ज्ञानुको क्यान्सर र प्रकाशको हृदयघातका कारण मृत्यु भएको थियो।

वि.सं. २०२८ देखि नै कम्युनिस्ट आन्दोलनमा आबद्ध उनी जिल्ला, क्षेत्र र केन्द्रका विभिन्न जिम्मेवारीमा रहँदै हाल माओवादी केन्द्रको सल्लाहकार थिइन्। पार्टीको कामका लागि पञ्चायतकालमा लामो समय भूमिगत जीवन बिताएकी सीता देशमा जनयुद्ध सुरुआत भएपछि २०५२ सालदेखि भूमिगत राजनीतमा सक्रियरूपमा सहभागी भएकी थिइन्। जनयुद्धका समयमा सिंगो पार्टीको अभिभावकका रूपमा उनले पार्टीभित्रका चुनौती, संकट, विवाद समाधानका निम्ति समन्वयकारी भूमिका निर्वाह गरेको माओवादी केन्द्रका नेताहरू सम्झन्छन्।

### विक्षिप्त बनेपछि अचेत

पछिल्लो समय सीता अचेत थिइन्। अचेत अवस्थामै बालुवाटारमा बास थियो सीताको। सास फेर्न अप्ठ्यारो भएपछि सीतालाई बिहानै नर्भिक अस्पताल पुऱ्याइएको थियो। अस्पतालले बिहान ८:३३ मा उनको निधन भएको घोषणा गरेपछि नेताहरू श्रद्धाञ्जली दिन नर्भिक पुगेका थिए। नर्भिकबाट सीताको शव पार्टी कार्यालय पेरिसडाँडा लगिएको थियो। माओवादी केन्द्रकी सल्लाहकारसमेत रहेकी उनलाई माओवादी अध्यक्षसमेत रहेका पति दाहालले अन्तिम अभिवादन पार्टी कार्यालयबाटै गरे।

नर्भिक जहाँ उनको निधन भयो, त्यहीँको एउटा घटनाले सीताको स्वास्थ्य दिनप्रतिदिन खस्कँदै गएको थियो। २०७४ मंसिर ३ गते यही छोरा प्रकाशको निधन भएको घोषणा भएको थियो। लाजिम्पाटस्थित निवासमा अचेत अवस्थामा भेटिएका प्रकाशलाई नर्भिक पुऱ्याएको केहीबेरमै मृत घोषणा गरिएको थियो। त्यही दिनबाट सीताको स्वास्थ्यमा समस्या देखिन थालेको थियो।

पार्किन्सनजस्तो देखिने दुर्लभ रोग जुन जीवनभर निको हुन्नथ्यो, त्यही रोगले पक्रेपछि सीतालाई निको पार्न प्रधानमन्त्री दाहालले अनेकौं जुक्ति लगाएका थिए। कहिले तातोपानीमा थेरापी गर्न, कहिले सिंगापुरमा हाडजोर्नी थेरापी, कहिले भारतका हरिद्वारमा रामदेव बाबा कहाँ त कहिले अमेरिकाको अस्पतालमा। तर, जता लगे पनि उनको रोगमा बीसको १९ हुन सकेन। यही रोगले अन्ततः सीताको मृत्युवरण हुन पुग्यो।

### अभागी दाहाल, जसले १० वर्षमा तीन प्रियजन गुमाए

प्रधानमन्त्री दाहालले १० वर्षको अवधिमा आफ्ना तीन जना प्रियजनलाई गुमाएका छन्। २०७० चैत १३ गते जेठी छोरी ज्ञानु केसीको स्तन क्यान्सरका कारण मृत्यु भयो। त्यतिबेला ज्ञानु ४० वर्षकी थिइन् र त्यसको चार वर्षपछि छोरा प्रकाश गुमाए। असार २७ मा पत्नी सीता। सीता पुष्पकमलकी असल सल्लाहकार थिइन्। तर छोरा प्रकाश गुमाएपछि उनको अवस्था जटिल बन्दै गएको थियो। अस्पतालले उनको रोगबारे धेरै अनुसन्धानपछि पत्ता लगायो, पार्किन्सनजस्तै प्रोग्रेसिभ सुप्रान्यूक्लियर पाल्सी (पिएसपी) भनेर।

### के हो त पिएसपी ?

विश्वचर्चित स्वास्थ्य साइट वेभमेडले उल्लेख गरेअनुसार पिएसपी विश्वकै अत्यन्तै दुर्लभ रोग हो। यो रोग अत्यन्तै कम मानिसलाई देखिन्छ। यो रोगको लक्षण पार्किन्सनसँग मिल्न गए पनि पार्किन्सन नै भने होइन।

पिएसपीले मानिसलाई हिँड्न गाह्रो बनाउने, निद्रा नलगाउने र मष्तिष्कमा सर्कुलर भएको रगत बन्द गराउनेसमेत गर्छ। यो रोग लागेपछि बानी व्यहोरा परिवर्तन हुनेदेखि साथीभाइ तथा परिवारबाट टाढा बस्ने बानी लाग्छ।

पिएसपी एक प्रकारको असामान्य मस्तिष्क विकार हो, जसले शरीरको गतिदेखि व्यक्तिको मनोदशा र सोचलाई समेत प्रभावित बनाउँछ। मस्तिष्कका स्नायु कोष (नर्भ सेल) क्षय हुने यो रोगले बिरामीलाई मानसिक र शारीरकरूपमा कमजोर बनाउँछ।

यो रोग लागेका मानिसहरू मानसिकरूपमा प्रभावित हुन्छन्। रोगकै कारणले उनीहरूले आफ्नो नाम बिर्सने, घरपरिवार तथा आफन्त बिर्सनेसम्म हुन्छ। उनीहरूले के बोलिरहेको भन्ने उनीहरूलाई नै थाहा हुन्न। यस्तो रोग लागेको बिरामीलाई एक्लै छोड्न नहुने चिकित्सकहरू बताउँछन्। यो रोग लागेपछि पूरै निको हुने उपचार पद्धति र औषधि बनिसकेको छैन।

चिकित्सकहरूले पिएसपीका लागि 'सिनमेट' नामक औषधि सिफारिस गरेका छन्। सिनमेटमा 'लेभोडोपा' नामक 'डोपोमाइन' हुनाले हात खुट्टा बाउँडिने समस्यालाई कम गर्छ। त्यस्तै 'एण्टिडिप्रेसान्ट' स्लिपिङ पिल्सले बिरामीलाई निदाउन तथा दुखाइ कम गर्न मद्दत गर्छ।

पिएसपीबाट महिलाभन्दा पुरुष धेरै प्रभावित छन्। यो रोग हरेक एक लाखमा तीनदेखि छ जनासम्मलाई हुन्छ। सामान्यतया पिएसपीको लक्षण ६० वर्षको उमेर पुगिसकेका व्यक्तिहरूमा देखिने गरेको भए पनि कसैकसैलाई यो रोगले चाँडै पनि समात्न सक्ने चिकित्सकको भनाइ छ।

यो रोगले सुरुआती चरणमा शरीरको चाल बिगारिदिन्छ। त्यसपछि बिस्तारै दृष्टिमा समस्या आउने, आँखाको गतिविधि सुस्त हुने हुन्छ। रोग बढ्दै जाँदा मानिसको मनोदशा अस्थिर हुने, उदासी बढ्ने र कुनै कुरामा रुचि नहुने हुन्छ।

### वियोगमाथि वियोगको परीक्षा

प्रधानमन्त्री दाहाललाई कतिपयले शोकलाई शक्तिमा बदल्ने नेताका रूपमा हेर्छन्। छोरा प्रकाशको निधनपछि कमजोर बनेका दाहाल पछिल्लोपटक नेपाली कांग्रेससँग गठबन्धन गरी निर्वाचनमा होमिएर चुनावपछि एमालेको मत लिएर प्रधानमन्त्री बने। नेकपा हुँदाको व्यवहार एमाले अध्यक्ष केपी शर्मा ओलीले देखाउन खोजेपछि दाहालले कांग्रेसलाई राष्ट्रपतिमा सघाएर पुनः कांग्रेसको साथ लिए। राजनीतक जोडघटाउको चक्कर जति चले पनि दाहालले आफ्नी श्रीमती सीताको स्याहारमा कुनै कञ्जुस्याइँ गरेनन्। गत वैशाख २८ गते वैवाहिक वर्षगाँठ मनाउने क्रममा सार्वजनिक भएको तस्बिर र त्यसअघि सार्वजनिक भएका सीताको तस्बिरबाट त्यो प्रस्टै देखिन्थ्यो। सत्ताको मथापच्ची जारी रहेको बेला सीताको वियोगले प्रधानमन्त्री दाहालमाथि कस्तो खालको परीक्षा हुने हो ? यसबारे भने भविष्यकै गर्भमा रहेको छ।

### कम्युनिस्ट नेता एकाएक धर्मकर्ममा

पारिवारका सदस्यहरूको क्षतिकै कारण होला, दाहाल बिस्तारै धर्मकर्ममा हल्किन थालेका छन्। मन्दिर भत्काउने र कुल देवता थानमा उच्छृंखल मच्चाउने कार्यकर्ताका नेता दाहाल पछिल्लोपटक भारतको महाकालेश्वर पुगे। उनको गेरु वस्त्रमाथि आलोचना पनि भयो। तर, कालको पनि काल महाकालेश्वरमा पुगेपछि आफूले गेरुवस्त्र नलगाई बस्न नसकेको स्पष्टीकरण दिए दाहालले।

भारत भ्रमणबाट फर्केपछि मन्त्रीहरूको डफ्फै लगेर दाहाल पशुपति दर्शनमा पुगे। दाहालले बिस्तारै आफ्ना अडानहरू छाड्दै गएका पुष्टि यी परिदृश्यबाट हुन्छ। दौरासुरुवाल नलगाउने उनी पछिल्लोपटक प्रधानमन्त्री नियुक्त हुँदा चिटिक्क यही पोसाकमा सजिएर शपथ लिएका थिए।

## सबैलाई मिलाउने...

पृष्ठ १ बाट जारी

सर्वोच्च नेता दाहालको असली सल्लाहकारका रूपमा व्याख्या गरे। उनीहरूले प्रधानमन्त्री दाहाललाई सफल बनाउन सीताले खेलेको भूमिकाको चर्चा गरे।

माओवादीका नेता दीनानाथ शर्माले सीताले पार्टीभित्र विभिन्न संकट र अप्ठ्यारो अवस्थामा पनि सबैलाई सम्झाइबुझाइ गरी पार्टीमा आमाको भूमिका निर्वाह गरेको स्मरण गरे।

'हर्कादर्की र माया गरेर सबैलाई ठीक ठाउँमा राख्ने अभिभावकको भूमिका, सबैलाई मिलाउने, क्रान्तिका कठिन घडी र संकटबाट पार्टीलाई जोगाउने, प्रचण्डलाई यहाँसम्म पुऱ्याउन राजनीतक सल्लाहकारले दिनुपर्ने सबै भूमिका निर्वाह गर्नुभयो,' उनले भने।

प्रधानमन्त्रीका राजनीतक सल्लाहकार हरिबोल गजुरेलले दिवंगत सीताको योगदान पार्टी र आन्दोलनमा धेरै रहेको बताए। 'अध्यक्षको भूमिकालाई प्रभावकारी बनाउने र पार्टी आन्दोलनलाई अघि बढाउने सन्दर्भमा गृहणीमात्र नभई सक्रिय योद्धाकै भूमिका रह्यो,' उनले भने, 'अध्यक्ष प्रचण्डलाई सहयोग गर्ने, चित्त नबुझेको कुरा सोझै भन्ने र रोक्न सक्ने क्षमता थियो।'

गजुरेलले सीताको मुख्य विशेषता भनेको मानिसको अनुहारलाई पहेर कुन मानिस कसरी प्रस्तुत भयो, बाहिरी आवरणमात्रै हो कि हृदयदेखि हो भन्ने अनुहार अध्ययन गरेर पति दाहाललाई सुझाव दिनेखालको क्षमता भएको स्मरण गरे। पार्टीमा संकट आएका बखत एकताबद्ध गर्न भेटघाट र छलफल गर्ने गरेको सन्दर्भ स्मरण गर्दै उनले सीताको योगदान पार्टीमा अतुलनीय रहेको बताए। सीताको निधनले अपूरणीय क्षति पुगेको गजुरेलको भनाइ छ।

माओवादी केन्द्रकी केन्द्रीय सदस्य कल्पना धमलाले सीता पार्टीको अभिभावकका रूपमा रहेको बताइन्। 'आज हामीले अभिभावक गुमाएका छौं। सिंगो पार्टी पंक्ति मर्माहत छ। पार्टी आन्दोलन र संगठन निर्माणका क्रममा नेता तथा कार्यकर्ताको संरक्षणका क्रममा उनले गर्ने मूल्यांकन असाध्यै न्यायिक थियो,' उनले भनिन्।

पूर्वमन्त्री शशी श्रेष्ठले पुष्पकमललाई 'प्रचण्ड' बनाउन सीताको धेरै ठूलो योगदान रहेको बताइन्। 'घर परिवार सम्हाल्नेमात्र होइन, जनयुद्धका समयमा साथै हिँडेर प्रचण्ड बनाउने काम उहाँले नै गर्नुभयो,' उनले भनिन्।

### 'पार्टी र राष्ट्रका लागि अपूरणीय क्षति'

नेकपा माओवादी केन्द्रले अध्यक्ष पुष्पकमल दाहालकी पत्नी एवं पार्टीका सल्लाहकार सीता दाहालको निधनबाट सिंगो पार्टी स्तब्ध भएको जनाएको छ। पार्टीका महासचिव देवप्रसाद गुरुङले बुधबार शोक वक्तव्य जारी गर्दै दाहालको निधनबाट पार्टी, जनता र राष्ट्रका लागि अपूरणीय क्षति भएको बताएका छन्।

सीताले नेपालको कम्युनिस्ट आन्दोलनमा अत्यन्त महत्त्वपूर्ण र अविस्मरणीय योगदान पुऱ्याएको स्मरण गर्दै महासचिव गुरुङले सिद्धान्तप्रतिको निष्ठा, उन्नत राजनीतक चेतना, पार्टी, जनता र राष्ट्रप्रतिको निःस्वार्थ एवं असीमित समर्पण उनका विशेषता भएको उल्लेख गरेका छन्। उनले दिवंगत दाहाल आफ्ना योगदानमार्फत चीरकालसम्म स्मरणीय र भावी पुस्ताका लागि प्रेरणाको स्रोत रहने विज्ञप्तिमा उल्लेख गरेका छन्।

'सीताले देश र जनताको मुक्ति एवं परिवर्तनका निम्ति खेल्नुभएको योगदानको उच्च सम्मान गर्दै सिंगो पार्टी उनप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ,' वक्तव्यमा भनिएको छ, 'प्रधानमन्त्री एवं पार्टी अध्यक्ष दाहालगायत सिंगो परिवारप्रति समवेदना व्यक्त गर्दै धैर्यधारणका लागि आम जनसमुदायमा अपिल गर्दछौं।'

## थापाको पद...

पृष्ठ १ बाट जारी

पेसीको जानकारी निवेदन तथा महान्यायाधिवक्ता/मुख्य न्यायाधिवक्ता कोशी प्रदेशलाई दिई प्रस्तुत मुद्दा सो मितिदेखि निरन्तर सुनुवाइमा राखी निर्णयार्थ पेस गर्नु' आदेशमा भनिएको छ। थापाले सरकार गठनका लागि दाबी पेस गर्दा प्रदेशसभाका ९३ सदस्यमध्ये बहुमत सदस्य अर्थात् ४७ जनाको समर्थन जुटाउन सभामुख गौतमको पनि हस्ताक्षर प्रयोग गरेका थिए।

प्रदेशसभामा सभामुख निर्वाचित भएपछि प्रदेशसभा सदस्यले सम्बन्धित दलको आबद्धता त्याग्नुपर्छ भने उनको भूमिका पनि तटस्थ मानिन्छ। प्रदेशसभामा कुनै प्रस्तावको पक्षमा बराबर मत भएमात्र सभामुखले निर्णायक मत दिन पाउने संवैधानिक व्यवस्था छ।

संविधानको यही व्यवस्थामा टेक्दै एमालेले मुख्यमन्त्रीको नियुक्तिको वैधानिकतामाथि प्रश्न उठाएको थियो। एमाले संसदीय दलका नेता कार्कीले थापालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रदेश प्रमुखको निर्णय बदर गर्दै प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो नेतृत्वमा सरकार गठनको परमादेश हुनुपर्ने मागसमेत गरेका थिए।

९३ सदस्यीय कोशी प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ, यहाँ एमालेसँग ४०, राप्रपासँग छ मत छ। दुई दल मिल्दा ४६ सिटमात्र पुग्छ। माओवादी र जनता समाजवादी पार्टीले सरकारबाट समर्थन फिर्ता लिएसँगै असार १५ गते विश्वासको मत माग्दा कार्कीले मत पाएनन्। कांग्रेसका २९, माओवादीका १२ (सभामुखबाहेक), एकीकृत समाजवादीका चार र जनता समाजवादी पार्टी (जसपा)का एक प्रदेशसभा सदस्य गर्दा गठबन्धनमा पनि ४६ मात्रै सिट छ। जसकारण सरकार निर्माणमा सभामुखले समेत थापालाई समर्थन गरेका थिए।

# आठ लाख ७६ हजार सवारीसाधनमाथि कारबाही

**काठमाडौं (प्रस)**– ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाभित्र सवारी नियम उल्लंघन गर्ने आठ लाख ७६ हजार १८१ सवारीसाधनलाई कारबाही गरेको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले चालु आर्थिक वर्षमा काठमाडौं, भक्तपुर र ललितपुरमा ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनलाई कारबाही गरेको हो।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनलाई कारबाही गरिएको जानकारी दिए। कारबाही गरिएकामध्ये लेनमा ३८ हजार ३६२, मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने ५३ हजार ६४, रातोबत्ती बलेको बेला सवारीसाधन चलाउने २८ हजार ९३२ सवारीसाधन कारबाहीमा परेका छन्।

यस्तै तीव्र गतिमा ५६ हजार ५२४, जथाभावी पार्किङ गर्ने एक लाख ३६ हजार ३९, आरक्षण सिट प्रयोग नगर्ने ७३६, जथाभावी हर्न बजाउने १४ हजार ४४७, लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउने १४८ र ओभरलोड प्रयोग गर्ने १६ हजार ४८५ सवारीसाधन रहेका छन्।

उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट काठमाडौं उपत्यकाको सवारीसाधन व्यवस्थापनका लागि प्रहरी नायब महानिरीक्षक (डिआइजी)को नेतृत्वमा एक हजार ८०० बढी ट्राफिक प्रहरी परिचालन गरिएको छ। हाल देशभर ३० लाखभन्दा बढी सवारीसाधन सञ्चालनमा रहेका छन्। तीमध्ये काठमाडौं उपत्यकामा मात्र १२ देखि १५ लाख सवारीसाधन सञ्चालनमा रहेका छन्।

# जापानसँग साढे ३८ करोडको अनुदान सम्झौता



**काठमाडौं (प्रस)**– नेपाल सरकार र जापान सरकारबीच मानव संसाधन विकास छात्रवृत्ति (जेडिएस) कार्यक्रमको तेस्रो चरण कार्यान्वयनका लागि अनुदानसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

बुधबार अर्थ मन्त्रालयमा आयोजित एक औपचारिक कार्यक्रमकाबीच अर्थसचिव अर्जुनप्रसाद पोखरेल र नेपालका लागि जापानी राजदूत किकुता युताकाले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार सन् २०२३ र २०२४ मा निजामती कर्मचारीलाई छात्रवृत्ति उपलब्ध गराउन जापान सरकारले ३८ करोड ५० लाख रूपैयाँ (४२ करोड ४० लाख जापानी येन) अनुदान उपलब्ध गराउनेछ।

यो अनुदान रकम निजामती कर्मचारीलाई दिइने स्नातकोत्तर र पिएचडी तहको छात्रवृत्ति कार्यक्रमका लागि खर्च गरिनेछ। जापान सरकारले नेपाललाई सन् २०१५ देखि यस्तो सहयोग उपलब्ध गराउँदै आएको छ।

जेडिएस कार्यक्रमअन्तर्गत जापानले सन् २०१६ देखि २०२२ सम्म दुई चरणमा गरेर १०० जना निजामती कर्मचारीलाई छात्रवृत्ति प्रदान गरिसकेको छ। तेस्रो चरणको यो छात्रवृत्ति कार्यक्रमबाट २० जनाले स्नातकोत्तर र दुई जनाले पिएचडी तह पढ्न पाउनेछन्।

उक्त सम्झौता कार्यक्रममा अर्थ मन्त्रालयअन्तर्गतको अन्तर्राष्ट्रिय आर्थिक समन्वय महाशाखा प्रमुख श्रीकृष्ण नेपाल र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)का वरिष्ठ प्रतिनिधि लिजुका केनिचिरो पनि सहभागी थिए।

# नवीकरण नगर्ने क्याम्पसलाई कारबाही

**काठमाडौं (प्रस)**– त्रिभुवन विश्वविद्यालयले सम्बन्धन लिई सञ्चालनमा आएका क्याम्पस नवीकरण नगरे कारबाही गर्ने भएको छ।

विश्वविद्यालयले बुधबार सूचना प्रकाशित गरी यसअघि नवीकरणका लागि पटक-पटक सम्बन्धित क्याम्पसलाई सूचित गरे पनि नवीकरण नगरेकाले कारबाहीको प्रक्रिया अगाडि बढाएको जानकारी दिएको हो। नवीकरण नगर्ने क्याम्पसको सूची वेबसाइटमा प्रकाशित गरिएको विश्वविद्यालयको भनाइ छ।

विश्वविद्यालयले कुनै क्याम्पसले नवीकरण प्रक्रियामा भएको भए यथाशक्य आधिकारिक निस्सा प्रमाणसहित सम्बन्धित डीनको कार्यालयमा सम्पर्क गर्न समेत अनुरोध गरेको छ। यसअघि त्रिविले २०७९ पुस २० गते र चैत २८ गते नवीकरणका लागि सूचना प्रकाशित गरेको थियो।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BERKELEY SERVICES U.A.E(LLC)

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२७ | LT. No. 276509 | चलानी नं. ६०१९२०८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 200 | 53 | 800 | २८,७६५ | कानुन अनुसार | ८ घण्टा | ६ दिन | कानुन अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 80 | 0 | 1200 | ४२,७२० | | | | | | | |

कम्पनी : HIGH POWER SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०२/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२७ | LT. No. 286197 | चलानी नं. ६०२०१२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 293 | 147 | 800 | २८,७६५ | कानुन अनुसार | ८ घण्टा | ६ दिन | कानुन अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ४ गते (20th July, 2023) मा हुनेछ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु ७०० - कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागद्वारा गरिएको जनकारी: [illegible]

(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Govt.Lic. No. 1302/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com

# भ्रष्टाचार गरेको आरोपमा १३ जनाविरुद्ध मुद्दा दर्ता

■ प्रभाव संवाददाता




**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार गरेको आरोपमा विभिन्न १३ जनाविरुद्ध बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी तथा गरिबी निवारण शाखा मधेस प्रदेश, जनकपुरधामका वरिष्ठ शाखा अधिकृत ओमनारायण झाविरुद्ध मुद्दा दायर गरेको हो।

आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाका अनुसार प्रदेशका आठवटै जिल्लामा सहकारीसम्बन्धी आयमूलक तालिम सञ्चालन गर्दा भ्रष्टाचार गरेको आरोपमा झाविरुद्ध बुधबार विशेष अदालतमा मुद्दा दायर गरिएको हो। आयोगले झाविरुद्ध सात लाख एक हजार ३८० रूपैयाँ जरिवाना र बिगोसमेत असुल उपरको माग गरेको छ।

साथै, आयोगले झालाई भ्रष्टाचार गर्न सहयोग गर्ने नैंशी जेनरल अर्डर सप्लायर्सका प्रोप्राइटर थरहुला कुमारीवरुद्ध पनि मुद्दा दायर गरेको छ। सरकारलाई हानी पुऱ्याउने गरी झुठा बिल भरपाई तयार गरेको आरोपमा कुमारीवरुद्ध बिगो तीन लाख ६७ हजार ८८० रूपैयाँ कायम गरी मुद्दा दायर गरिएको हो।

साथै आयोगले बुधबार नै थप ११ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगका अनुसार आर्थिक वर्ष २०७४/७५ मा लक्ष्मीमार्ग सडकखण्डअन्तर्गत हनुमान चोकदेखि सिमलबाडीसम्मको सात किलोमिटर सडक निर्माणका क्रममा भ्रष्टाचार गरेको आरोपमा विभिन्न ११ जनाविरुद्ध मुद्दा दायर गरेको हो।

आयोगले भ्रष्टाचारको आरोपमा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत चोलाराज दंगाल, इन्जिनियर अभिषेक दास र सब इन्जिनियर विज्ञान चम्लागाईंविरुद्ध २२ लाख नौ हजार ८२३ रूपैयाँ रकम बढी भुक्तानी दिएको आरोपसहित मुद्दा दायर गरेको छ।

आयोगले लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका अध्यक्ष धनपति थपलिया, सचिव फणिन्द्रप्रसाद खरेल र कोषाध्यक्ष शन्तामाया सुब्बा लिम्बूले कार्यसम्पन्न भएको झुठा बिल पेस गरी २२ लाख नौ हजार ८२३ रूपैयाँ पैसा भुक्तानी लिई भ्रष्टाचार गरेको आरोपमा बिगोसमेत जफत गर्न माग गरेको छ।

झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहले उपभोक्ता समितिलाई वास्तविकभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस गरेकाले कानुनबमोजिम कैद र जरिवानाको गरिएको छ।

गाउँपालिकाका तत्कालीन उपाध्यक्ष कुन्तीदेवी बुहाथोकी अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजक रहेको र अनुगमन समितिको उपस्थितिमा भएको बैठकमा उल्लिखित योजना सम्पन्न भइसकेको भनी निर्णय गरी प्राविधिक मूल्यांकनअनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्न सिफारिस गरेको आरोपमा कानुनबमोजिम कैद र जरिवाना हुन मागदाबी गरिएको छ।

आयोगले गाउँपालिका-६ का तत्कालीन वडाध्यक्ष हरिबहादुर बाँनिया, वडा-७ का तत्कालीन वडाध्यक्ष नेत्रप्रसाद उप्रेती र वडा-३ का तत्कालीन वडाध्यक्ष मोतिलाल गणेश अनुगमन तथा सुपरीवेक्षण समितिको सदस्य रहेको र अनुगमन समितिको उपस्थितिमा भएको बैठकमा उल्लिखित योजना सम्पन्न भइसकेको भनी निर्णय गरेको साथै योजनाको भुक्तानीका लागि सिफारिस गरेको आरोप लगाएको छ। उनीहरूविरुद्ध कानुनबमोजिम कैद र जरिवानाको मागदाबी गरिएको छ।

## बैतडी दुर्घटनाः तीन घाइतेलाई भारत पठाइयो

**बैतडी–** बैतडीको मेलौलीमा सोमबार भएको बस दुर्घटना परी घाइते भएका ४५ जनामध्ये १६ जना अझै उपचाररत रहेका छन्। थप उपचारका लागि तीन जनालाई भारतको बरेली पठाइएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका बस चालक पञ्चेश्वर गाउँपालिका-६ का ३५ वर्षीय देवसिंह भण्डारी, शिवनाथ गाउँपालिका-१ का ५५ वर्षीय मन्दिरसिंह साउद र शिवनाथ गाउँपालिका-५ का विनोद दमाईंलाई भारतको बरेलीमा उपचारका लागि पठाइएको बैतडीका प्रहरी प्रवक्ता, प्रहरी निरीक्षक योगेश खत्रीले जानकारी दिए।

उनका अनुसार १० जनाको धनगढीस्थित माया मेट्रो अस्पतलमा उपचार भइरहेको छ भने तीन जनाको डडेलधुरा अस्पतालमा उपचार भइरहेको छ। शिवनाथ-५ का गोरखसिंह साउद, सोही स्थानका संगीता रावत, मीना चन्द, कञ्चनपुरकी दिपीका भट्ट, मेलौली-३ का विसन भट्ट, शिवनाथ-३ का भरतसिंह साउद, पाटन-१ का चन्द्रदेव पन्त, पञ्चेश्वर-७ कि पार्वती भण्डारी र उनका छोरा कृष भण्डारी, मेलौली-४ का अमित चन्दको उपचार भइरहेको प्रहरी निरीक्षक खत्रीले जानकारी दिए।

त्यस्तै डडेलधुरा अस्पतालमा पञ्चेश्वर-३ का कृष्णा शाही, सोही ठाउँका खडकबहादुर चन्द र सेतु चन्दको उपचार भइरहेको छ। दुर्घटनामा सामान्य घाइते भएकालाई घर पठाइएको प्रहरी निरीक्षक खत्रीले बताए। पञ्चेश्वरबाट महेन्द्रनगर जाँदै गरेको लु २ ख २०११ नम्बरको पवनदूत यातायातको बस सोमबार दिउँसो १ बजे मेलौली नगरपालिका-७ स्याखानीमा दुर्घटनामा परेको थियो। दुर्घटनामा एकजनाको मृत्यु भएको थियो भने ४५ जना घाइते भएका थिए।

पञ्चेश्वर गाउँपालिका-६ रन्तोलीका २७ वर्षीय उमेश भण्डारीको केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र मेलौलीमा उपचारका क्रममा सोमबार नै मृत्यु भएको थियो।

ओरालो सडकमा अनियन्त्रित भएर दुर्घटनामा परेको बस रुखमा अड्किएको थियो। घटनाबारे जिल्ला प्रहरी कार्यालय बैतडीले अनुसन्धान गरिरहेको जनाएको छ। *रासस*

## 'नेपालको स्वास्थ्य क्षेत्रको विकासमा बेलायत बलियो साझेदार'

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले नेपालको स्वास्थ्य क्षेत्रको विकासमा बेलायत सरकार बलियो साझेदार भएको बताएका छन्।

बेलायती राजदूतावासका कार्यवाहक राजदूत पिप्पा बर्डसँग बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा भएको शिष्टाचार भेटवार्तामा मन्त्री बस्नेतले बेलायत सरकारले नेपालको स्वास्थ्य क्षेत्रको विकासमा सहयोग गर्दै आएको बताउँदै स्वास्थ्य प्रणाली सुधारका लागि आगामी दिनमा पनि निरन्तर सहयोग रहने विश्वास व्यक्त गरे।

उनले २२ वर्ष पहिले आफू स्वास्थ्य राज्यमन्त्री भएको बेला बेलायत भ्रमण गरेको स्मरण गर्दै बेलायतबाट नेपालले धेरै कुरा सिक्न चाहेको बताए। स्वास्थ्य क्षेत्रमा गरिएको निरन्तर सहयोगका लागि मन्त्री बस्नेतले बेलायत सरकारलाई धन्यवादसमेत दिए।

नेपालका लागि बेलायती राजदूतावासका कार्यवाहक राजदूत बर्डले नेपाल र बेलायतबीच पुरानो दौत्यसम्बन्ध भएको भन्दै नेपालको स्वास्थ्य क्षेत्र सुदृढीकरण गर्दै स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिमा सहयोग गर्न बेलायत सरकार प्रतिबद्ध रहेको बताए।

भेटका क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलले नेपालको स्वास्थ्य क्षेत्र सुधारमा बेलायत सरकारको सहयोग उल्लेखनीय रहेको बताए।


### मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/५ गते मित्रनगर-२६ काठमाडौं खुल्ला स्थानबाट २२० F सिसिको ABS पल्सर कालो रंगको मोटरसाइकल रातको करिब २:३० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

कम्पनी : हुलास
धनीको नाम : मोहन लाला राजभर
बाइक नं.: रा ७ प ३५६९
च्यासिस नं.: MD2A13EX6MCE-91636
इन्जिन नं. : DKYCME-16434
मो.नं.: ९८१०८१५१२८

### PRABHU प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

वीरगंज महानगरपालिका वडा नं. ३२ पर्सा, नेपाल को

**शेयरबापतको रकम भुक्तानी गर्न शेयरधनीहरूको नाममा जारी गरिएको सूचना**

अन्तिम पटक प्रकाशित मिति : असार २८, २०८०

यस प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड कम्पनीको मिति फाल्गुण १०, २०७९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम सबै संस्थापक शेयरधनीहरूले लिन कबुल गरेको शेयरपूँजीको १००% (शतप्रतिशत) पुऱ्याउन बाँकी रहेको सम्पूर्ण शेयरबापतको रकम कम्पनीको कुमारी बैंक लिमिटेड, तिनकुने शाखाको चल्ती खाता नं. २३५०२६८९९१०००१ मा मिति आषाढ ७, २०८० भित्र दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (३) बमोजिम अनुरोध गर्दै पटक-पटक यस समय भित्र शेयर रकम दाखिला नगर्ने शेयर धनीहरूको शेयर जफत हुने व्यहोरा सहितको सूचना प्रकाशित भएकोमा असार २८, २०८० सम्म उक्त रकम दाखिला नगर्ने सबै शेयरधनीहरूको शेयर जफत हुने व्यहोरा सूचित गरिन्छ।

प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड
साविक: गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AJMAL CAR WAH SERVICES
पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289185 | चलानी नं. ६०१९५१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 2 | 0 | 1000 | ३५,१०५ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ४ गते (20th July. 2023) मा हुनेछ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ABDULLAH A AL BARRAK AND SONS CO
पूर्व स्वीकृति मिति २०७९/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२७ | LT. No. 276743 | चलानी नं. ६०१९२३८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Manufacturing Labor | 9 | 0 | 1000 | ३५.०६५ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ४ गते (20th July. 2023) मा हुनेछ।

YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०१/२३ मा दर्ता भएको प्रा.लि. नं. २६३२३३ को **यूनिक ओ.एस.एन. नेपाल मल्टिप्रपोज ट्रेनिङ सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०५/२७ मा दर्ता भएको **पितवा मार्बल सप्लायर्स एण्ड ट्रेडिङ प्रा.लि.** (दर्ता नं. ११६०८०) को मिति २०८०/०३/२६ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदाबी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५११९२७६६**

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| SN | Description of Goods | Shape /Size | Brand | Model No | Country of Production | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Range Hood (Chimney) | T-Shape | Molakad | HP6011 | China | Pcs | 9660 |
| 2 | Range Hood (Chimney) | T-Shape | Molakad | 9067 | China | Pcs | 9660 |
| 3 | Range Hood (Chimney) | T-Shape | LENORE | LE-CH987 | China | Pcs | 9660 |
| 4 | Range Hood (Chimney) | T-Shape | HILUX | HX-AS0-9067 | China | Pcs | 9660 |
| 5 | Range Hood (Chimney) | T-Shape | Smart Touch | 9002 | China | Pcs | 6140 |
| 6 | Range Hood (Chimney) | T-Shape | Smart Touch | 9005 | China | Pcs | 6365 |
| 7 | Range Hood (Chimney) | T-Shape | Smart Touch | 9009A | China | Pcs | 6645 |
| 8 | Range Hood (Chimney) | T-Shape | Smart Touch | 7009A | China | Pcs | 7270 |

Importer: Tamu Appliances Supplier — Contact No. 01-4812152
Address: Kapan, Kathmandu — VAT/PAN No. 301360366


## सार्वजनिक सूचना

**इजाजतपत्र नं १३१२/०७४/०७५** को **नेशनल एक्सपोर्टस् मेनपावर कन्सल्ट्यान्ट्स प्रा. लि.** को नाममाविभागमादर्ता कारवाहीप्रकृयामा रहेका फरफारक हुनबाँकी रहेका तपसिल वमोजिमका उजुरीकर्ताहरुले आजको मितिले ७ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्नु हुन सार्वजनिक सुचना जारी गरिएको छ।

| Complaint No. | Victim | Claimed Amount | Recruiting Agency | Complaint Date | Country | District | Complaint Nature | Status | Response Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 3068 | Balbod Kumr Sah | 130000 | National Exports Manpower Consultants | 13/1/2019 | Qatar | Rautahat | रकम र क्षतिपूर्ति | Compen sated | 7 |
| 5782 | Bisun Kumar mahato, Deepak Dhimal, Ram chabila Mukhiya sahit 40 jana | 0 | National Exports Manpower Consultants | 13/06/2022 | Saudi Arabia | Kathamandu | Rescue उद्धार | On Progress | 7 |
| 5856 | Bharat Kumar Tabdar | 0 | National Exports Manpower Consultants | 20/06/2022 | Saudi Arabia | Kathamandu | आवश्यक सहयोग | Progress | 7 |
| 5858 | Rajesh Kumar Yadav | 0 | National Exports Manpower Consultants | 06/06/2022 | Saudi Arabia | Kathamandu | उद्धार गरी स्वदेश फिर्ता | Progress | 7 |
| 5866 | Bhimsen Timalsina, Krishna Prasad Paudel | 0 | National Exports Manpower Consultants | 07/06/2022 | Saudi Arabia | Kathamandu | आवश्यक सहयोग | Progress | 7 |
| 5883 | Umesh Dahal | 0 | National Exports Manpower Consultants | 15/02/2022 | Saudi Arabia | Kathamandu | स्वदेश फिर्ता | Progress | 7 |
| 5897 | Dipak Chaulagai, Kumar Gajural, Sune Bahadur Tamang, Sitaram Khatiwada, Suresh Budhathoki, Bhishma Pradhan | 0 | National Exports Manpower Consultants | 24/09/2021 | Saudi Arabia | Kathamandu | उद्धार गरी स्वदेश फिर्ता | Progress | 7 |
| 5898 | Bharat Thakur Barhi, Bindeshwar Thakur, Bijay Mandal, RamjatanMahara, Sanjay Kumar Mahara, Jitendra Mukhiya, Ramchabila Mukhiya, Ram AutarMahara, Dorendra Mandal, Indal Mandal | 0 | National Exports Manpower Consultants | 11/01/2022 | Saudi Arabia | Kathamandu | उद्धार गरी स्वदेश फिर्ता | Progress | 7 |
| 5903 | Aman Mandal, Bisun Kumar Mahato, Madan Thakur. Santa Kumar Mahato, Saniay Mahara, Pramod Majhi | 0 | National Exports Manpower Consultants | 10/06/2022 | Saudi Arabia | Kathamandu | उद्धार गरी स्वदेश फिर्ता | Progress | 7 |
| 6022 | | 0 | National Exports Manpower Consultants | 30/09/2021 | Saudi Arabia | Kathamandu | Settlement | Progress | 7 |
| 6023 | | 0 | National Exports Manpower Consultants | 7/6/2022 | Saudi Arabia | Kathamandu | Rescue | Progress | 7 |
| 6024 | | 0 | National Exports Manpower Consultants | 15/6/2022 | Saudi Arabia | Kathamandu | Settlement | Progress | 7 |
| 6322 | | 0 | National Exports Manpower Consultants | 14/8/2022 | Saudi Arabia | Kathamandu | Settlement | Progress | 7 |
| 6703 | Dev Bahadur Kshetri | 0 | National Exports Manpower Consultants | 14/11/2022 | Saudi Arabia | Kathamandu | उद्धार गरी स्वदेश फिर्ता | Progress | 7 |
| 6755 | Dev Bahadur Kshetri | 0 | National Exports Manpower Consultants | 14/11/2022 | Saudi Arabia | Kathamandu | उद्धार गरी स्वदेश फिर्ता | Progress | 7 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### असुरक्षित आकाशः च्यालेञ्ज गर्ने कि चेत्ने ?

**मंगलबार सोलुखुम्बुको सुर्केदेखि काठमाडौं उडेको मनाङ एयरको '९ एन एएमभी' हेलिकप्टर लिखुपिकेस्थित लामजुरा क्षेत्रमा दुर्घटनाग्रस्त भयो। घटनामा परी पाइलट चेतबहादुर (सिबी) गुरुङसहित पाँच मेक्सिकन नागरिकले ज्यान गुमाए।**

**हेलिकप्टर गोव्रे सल्लाको रुखमा ठोक्किएर दुर्घटनामा भएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ। विदेशीहरू नेपालमा हिमाल हेर्न आउँछन्। हवाइमार्गबाटै सगरमाथासहितका हिमशृंखलाहरूको दृश्यावलोकन गर्न उनीहरू मन पराउँछन्। तर, नेपाली आकाशलाई जहिल्यै असुरक्षित बनाइराख्ने गरी यस्ता दुर्घटनाले बदनाम बनाइरहेको छ।**

**नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्यांकलाई आधार मान्दा हालसम्म हेलिकप्टर दुर्घटना ४१ पटक भएका छन्। मानवीय क्षति हुने गरिका हेलिकप्टर दुर्घटना २० पटक भएका छन्। ती दुर्घटनामा परी ९४ जनाको मृत्यु भएको छ भने ३१ जना घाइते भएका छन्।**

**गत माघ १ मा पोखरामा यती एयरको विमान दुर्घटनामा पर्‍यो। उक्त दुर्घटनासँगै हवाई दुर्घटनाको संख्या १०४ पुगेको थियो। यी दुर्घटनामा अहिलेसम्म साढे ८०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ। दिनानुदिन दुर्घटना बढ्दा युरोपेली संघले कालोसूचीमा राखेको नेपाली आकाश अझै असुरक्षित बन्दै छ। गत अप्रिलमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण (आइकाओ)को परीक्षणमा नेपालको मापदण्ड परिपालनको औसत दर एसिया प्रशान्त क्षेत्र र विश्वकै औसतभन्दा धेरै ७०.१ प्रतिशत देखिएको थियो। सन् २०१३ देखि देशले सामना गरिरहेको युरोपेली संघ इयूको 'कालोसूची'बाट हट्नका लागि एउटा बलियो आधारको रूपमा प्रस्तुत गरिरहेका थिए नेपाली उड्डयन अधिकारीहरूले। तर, यस्तो दुर्घटना दोहोरिँदा यो सूचीबाट हट्न मुश्किल नै पर्ने देखिन्छ।**

**सन् २०१२ देखि २०२१ सम्मको अवधिमा हेलिकप्टर दुर्घटना र त्यसमा मृत्यु हुनेहरूको संख्या बढेको छ। त्यसको एउटा कारण पछिल्लो दशकमा हिमाली उद्धारसहितका विभिन्न प्रयोजनका लागि हेलिकप्टरको बढ्दो प्रयोग पनि हुनसक्ने अनुमान गरिएको छ। निजी उड्डयन क्षेत्रले नीतिविनै नाफामुखी बनेर हवाई कम्पनीहरू मनपरीरूपमा चल्दा यस्ता घटना दोहोरिने जानकारहरू बताउँछन्। नाफामुखी उद्देश्यले सञ्चालनमा रहेकाहरू मौसम नखुल्दा पनि 'च्यालेञ्ज' गरी हेलिदेखि हवाई उडान अवतरणमा जबरजस्ती गर्छन्।**

**मंगलबार मनाङ एयरको नियति यस्तै थियो। मौसम नखुली हेलिकप्टर उडाउँदा क्षणभरमै दुर्घटना भयो। पाँच वर्षअघि तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित छ जना सवार एयर डायनेस्टीको हेलिकप्टर यसरी नै मौसमलाई च्यालेञ्ज गर्दा दुर्घटनामा परेको थियो। त्यसैले सवारीमा सुरक्षालाई पहिलो प्राथमिकतामा राखौं। मौसमलाई च्यालेञ्ज हैन यस्ता घटनाबाट चेतौं।**

## मनन्योग्य

### चाणक्य नीत

'यो धम्कीले डराउने चन्द्रगुप्त होइन, राजा म आफ्ना न भएको म तपाईंलाई राजाज्ञा उल्लंघन र तर्कवितर्क गर्ने अपराध पदच्युत पनि गर्न सक्छु।'

चाणक्यले क्रोधले उम्लिदै गर्जेर भने- 'जसलाई मैले राजा बनाएँ। मलाई आज पदच्युत गर्ने धम्की दिँदैछ। पदच्युत हुने डर त्यसलाई हुन्छ। जो अधिकारको इच्छा राख्छ। यो लेऊ तिम्रो अधिकार भन्दै अधिकार चिह्न फ्याकदै तीव्र गतिले दरबारदेखि बाहिर निस्के।'

उता चाणक्य र चन्द्रगुप्तका बीचको मतभेदको सूचना शत्रुलाई पनि प्राप्त भयो। राक्षस यो अवसरको फाइदा लिन चाहन्थे। उनी कुमार मलयकेतुसहित आफ्ना अरू मित्र राजाहरूसँग युद्धको योजना बनाउन लागे यता राक्षस युद्धको योजनामा अलमलिए, उता चाणक्यको एउटा गुप्तचर मलयकेतुको राज्यमा पक्राउ पर्‍यो। पक्राउनु के थियो, चाणक्यको योजनाअनुसार गुप्तचर आफै बन्दी बनेको थियो। उसलाई मलयकेतुका अगाडि लगियो, आँड सबै खोतल्दा उसबाट एउटा पत्र पाइयो। पत्रमा राक्षसको हस्ताक्षर र राजमुद्राको छाप लागेको थियो।

पत्रबमोजिम राक्षसले चन्द्रगुप्तलाई लेखेको थियो- 'तपाईंले चाणक्यलाई हटाई प्रशंसनीय काम गर्नुभयो म खुसी छु तपाईंले मलाई महामात्य बनाउने प्रस्ताव गर्नुभएकोमा त्यो हर्ष स्वीकार गर्दछु, मलयकेतुलाई हराउन म तपाईंलाई सहयोग गर्नेछु। यसका लागि तपाईंले मलयकेतुको हत्या गरी पन्चनन्द राज्य ती पाँचलाई दनुपर्छ।मलयकेतुले पत्र पढे, अविवेकले आफ्नो सन्तुलन हराए। रिसले फुकादै भन- 'विश्वासघाती !' मेरो नै राज्य लिन चाहन्छ भन्दै केही नसोची ती पाँचको उनको शिविरमा गएर हत्या गरे र राक्षसलाई आफूअगाडि उपस्थित हुने आज्ञा दिए। चाणक्यको जाली पत्रको योजना सफल भयो। चन्द्रगुप्तका शत्रु परस्परमा लडी समाप्त भए। यता राक्षसले मलयकेतुसँग मिलेर रक्तपातको कारण जान्न चाहे। विश्वास गर्न चाहानछौ ? ल पढ यो आफ्नो चिट्ठी जुन चन्द्रगुप्तको हातमा पुर्‍याउन चाहन्थ्यौ।

राक्षसले चिठी हेरेर भवाट्ट सम्झे यो चाणक्यको कुनै योजना राक्षसले मलयकेतुलाई धेरै विश्वास दिलाए, तर अविश्वासको टुसा मनमा बसेको थियो। उसलाई निकाल्न अब सम्भव थिएन। उसमाथि रिस र अविवेकको लेउ लागिसकेको थियो। क्रमशः

# जनसांख्यिक लाभको सदुपयोग



▶▶ चेतन अधिकारी

> देशले जनसांख्यिक लाभको सदुपयोग गर्न सकेको खण्डमा त्यसबाट लाभांश प्राप्त गर्न सक्दछ। नत्र नेपालका खोला तथा नदीहरूबाट ८३ हजार मेगावाट विद्युत् उत्पादन हुन्छ भनेर कागजमा हिसाब राख्ने तर नेपालीहरूचाहिँ अँध्यारोमा बस्नुपर्ने बाध्यात्मक अवस्था जस्तो हुनेछ। एक जुगमा एक पटक आउने यस अवसरको सदुपयोग गर्न हामीले केही देशहरूबाट सिक्नुपर्ने हुन्छ। जस्तैः जापानले जनसांख्यिक लाभको समय ६०.५ वर्ष पाएको थियो। उसले यही समयमा नै देशको कायाकल्प गरेर अहिले विश्वकै समृद्ध देशहरूको सूचीमा आफूलाई राखेको छ।

यही जुलाई ११ तारिख (मंगलबार)का दिन विश्व जनसंख्या दिवस मनाइयो। संयुक्त राष्ट्र संघले विश्वको जनसंख्या पाँच अर्ब पुगेपछि जनसंख्यालाई विश्वव्यापी बहसको विषय बनाएको थियो। बढ्दो जनसंख्यालाई पृथ्वीले कसरी थाल्ला भन्ने चिन्ता र चासोसहित यो दिवस मनाउन सुरु गरिएको हो। सन् १९८७ को जुलाई ११ मा जब विश्वको जनसंख्या पाँच अर्ब पुग्यो, तब संयुक्त राष्ट्र संघले यो विषयलाई गम्भीरतापूर्वक लियो। त्यसपछि १९८९ मा संयुक्त राष्ट्र संघले जनसंख्या पाँच अर्ब पुगेके दिन अर्थात् अर्को वर्षको जुलाई ११ लाई विश्व जनसंख्या दिवस मनाउने निर्णय गरेको हो। त्यसै अनुसार १९९० को जुलाई ११ देखि विश्वमा जनसंख्या दिवस मनाउन थालिएको हो।

नेपालमा यस दिवसको अनेक सान्दर्भिकता होलान्। एक दशक अघिसम्म जनसंख्या नियन्त्रण र सानो परिवार नेपालको प्रमुख जनसांख्यिक मुद्दा थियो। तर, समय बदलिएको छ। नेपालले सानो परिवारको अवधारणालाई स्वीकारिसकेको छ। त्यसैले नेपालमा जनसंख्या व्यवस्थापन, अनियन्त्रित बसाईंसराइ र जनसांख्यिक लाभको सदुपयोग मूल जनसांख्यिक मुद्दा हुन्। जनसंख्या दिवसको दिन नेपालमा खेर गइरहेको जनसांख्यिक लाभका विषयमा केही चर्चा गर्नु उपयुक्त नै हुनेछ।

#### नेपाल जनसांख्यिक लाभमा, लाभांशचाहिँ विदेशमा

त्रिभुवन विमानस्थलमा हरेक साँझ गलामा खादा र माला लगाएका लामा लाइनहरू देखिन्छन्। त्यो खादा र माला कुनै विजेताले पहिरिएका होइनन्। ती खादा, माला कुनै विदेशी फोरममा नेपालको उत्कृष्ट प्रदर्शनीका लागि शुभकामना दिनका लागि पनि होइन। त्यो गलाको खादा माला स्वदेशमा रोजगारी नपाएर विदेशी भूमिमा मजदुरी गर्न जान लागेका नौजवानहरूले विवशताबश लगाएका हुन्। यो क्रम करिब तीन दशकदेखि अविराम चलिरहेको छ। नौजवानहरू परिवार, गाउँठाउँ र देश छोडेर पराइभूमिमा जानुपर्ने बाध्यता घटेको छैन। तथ्यांकहरूले यो क्रम अझ बढ्दै गरेको ग्राफ देखाउँछन्।

बहुदलीय व्यवस्थाको पुनःस्थापना नेपालका लागि यस्तो आशावादी घटना थियो, जसले हरेक नेपालीलाई रोजगारी देला, हरेक परिवारमा शान्ति ल्याउला, समुदायलाई समृद्ध बनाउला, देशैभरि उद्योगधन्दा स्थापना गर्ला भन्ने आमनेपालीको आशा थियो। २०४७ सालमा खुला राजनीतक परिवेश प्राप्त गरेसँगै समृद्धिको आशा गरेका थिए। ठीक यही बिन्दु यस्तो थियो जहाँ मानिसहरूले सन्तानको मोहलाई घटाउँदै लगेका थिए। परिवार नियोजन र जनसंख्या नियन्त्रणको अनवरत रटान सुनेका नेपाली दम्पतीहरू बिस्तारै सानो परिवारको अवधारणा स्वीकार्न तयार भएका थिए।

राज्यले त्यसबेला जति पनि अभाव, संकट र दुःखहरू सिर्जना भएका छन्। ती सबै अनियन्त्रित जनसंख्या वृद्धिका कारण नै हो भन्ने भाष्य निर्माण गरेको थियो। यो भाष्य सही भए पनि गलत भए पनि नेपाली दम्पतीहरूले अब सानो परिवार बनाउने, त्यसले गर्दा अभाव, अशिक्षा, बेरोजगारी जस्ता समस्याको समाधान होला भनेर उनीहरूले दुई सन्तानको मान्यताप्रति आफूहरूलाई स्थापित गर्दै गएका थिए। त्यसको प्रमाणको रूपमा पहिलोपटक २०४८ सालको जनगणनामा जन्मदर कम अर्थात् (०-४ वर्ष)को जनसंख्या ५-९ वर्षको भन्दा थोरै देखियो। यसलाई राज्यले परिवार नियोजन र जनसंख्या नियन्त्रणको प्रभावकारिताको रूपमा व्याख्या गर्‍यो।

#### युवा बढे, बढेन रोजगारी

वि.सं. २०४८ को जनगणनामा आधार वर्षको जनसंख्या घटेसँगै युवा जनसंख्या वृद्धि हुन थाल्यो। समाजमा जवानहरूको बाहुल्यता बढ्यो। जवानहरूले स्वाभाविकरूपमा नै रोजगारी खोज्न थाले, अवसरहरू पहिल्याउन खोजे। देशले त्यो अवसर उपलब्ध गराउने प्रयास र अवस्था दुवै देखिएन। ठीक त्यसैबेला खाडी देशहरूले नेपालका बेरोजगार युवाहरूको जनसंख्या विश्लेषण गरे। नेपाल क्रमशः जनसांख्यिक लाभ लिने अवस्थामा पुगेको तथ्यांक उनीहरूले बुझे। त्यतिमात्र होइन, नेपालको श्रमबजारमा यी नौजवानहरूको आपूर्ति सम्भव छैन भन्ने कुराको पनि उनीहरूले मिहिन ढंगले अध्ययन गरेर नेपाललाई श्रमिक आपूर्ति गर्ने देशको रूपमा राखे।

२०५० को दशक सुरुआत हुँदा नहुँदा नेपाललाई अदक्ष कामदार आपूर्ति गर्ने देशको रूपमा उनीहरूले सूचीकृत गरेर नेपाली युवालाई खाडीमा रोजगारीका लागि खुला आमन्त्रण दिए। तत्कालीन सरकारसँग श्रम सम्झौता गरेपछि अब गाउँगाउँका युवाहरू जेट चढेर खाडी देशमा जोखिमपूर्ण कामका लागि जान थाले। त्यसबेलादेखि सघनरूपमा सुरु भएको वैदेशिक रोजगारीको लर्को हालसम्म पनि उस्तै छ। २०७८ को जनगणनाअनुसार काम गर्न सक्ने उमेर (१५-५९ वर्ष) समूहका २१ लाख ९० हजार ५९२ जना वैदेशिक रोजगारीमा छन्।

अठार वर्षको उमेरदेखि मानिस श्रमबजारमा प्रवेश गर्छ भन्ने मान्ने हो भने नेपालमा यस वर्षमात्र पाँच लाख ३७ हजार ९०१ युवा श्रमबजारमा प्रवेश गरेका छन्। जनगणना २०७८ को हरेक वर्षको जनसंख्याको तथ्यांक हेर्दा १७ वर्षको उमेरको जनसंख्याका पाँच लाख ३७ हजार ९०१ रहेको छ। यसमा मृत्युदरको हिसाब गरिएको छैन। श्रमबजारमा आएका युवालाई राज्यले पूर्णरूपमा रोजगारी उपलब्ध गराउन सकेको छ त ? यदि छैन भने ती युवाहरू के गर्दै होलान् त ? अवश्य पनि नेपालमा रोजगारी पाउनेहरू थर्ते होलान्, नपाउनेहरू वैदेशिक रोजगारीमा छन् त्यहाँ पनि जान नसक्ने र जान नचाहनेहरू बेरोजगार भएर हिँडेका छन्। यसका कारण सामाजिक अपराध, निराशा, असन्तुष्टि, आत्महत्या जस्ता विकृति बढेका छन्।

| जनगणना वर्ष | कुल जनसंख्या | १५-५९ वर्षको जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| २०४८ | १८४९१०९७ | ९५७६५६९ | ५१.७९ |
| २०५८ | २३१५१४२३ | १२३१०९६८ | ५३.१७ |
| २०६८ | २६४९४५०४ | १५०९१८४८ | ५६.९६ |
| २०७८ | २९१६४५७८ | १८०७१६५८ | ६१.९६ |

स्रोतः पपुलेसन मोनोग्राफ, २०१४ र जनगणना २०७८

#### खेर गइरहेको जनसांख्यिक लाभ

देशको जनसंख्यामा जब आश्रित (बालबालिका र ज्येष्ठ नागरिक) भन्दा काम गर्न सक्ने जनसंख्याको बाहुल्यता हुन्छ त्यस्तो अवस्थालाई जनसांख्यिक लाभको अवस्था भनिन्छ। अर्थात् १०-१४ वर्षका बालबालिका र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको जनसंख्याको तुलनामा १५-५९ वर्षको जनसंख्या धेरै भएको अवस्था नै जनसांख्यिक लाभको अवस्था हो।

जनसांख्यिक संक्रमणको सिद्धान्तअनुसार जब कुनै पनि देशका जन्मदर घट्दै जाने, मृत्युदर पनि घट्ने र औसत आयु बढ्दै जान्छ। त्यसपछि देशमा युवा जनसंख्याको बाहुल्यता बढ्छ। अर्थात् सजिलो भाषामा भन्दा जब पालिनुपर्नेभन्दा कमाउनेहरूको जनसंख्याको बाहुल्यता हुन्छ, त्यस्तो अवस्थालाई जनसांख्यिक लाभको अवस्था भनिन्छ। नेपालले उच्च जन्मदर र उच्च मृत्युदरको अवस्थालाई पार गरेर अघि बढेको कुरा पहिलोपटक २०४८ सालको जनगणनाले संकेत गरेको हो। त्यसपछिका हरेक जनगणनामा नेपालमा सक्रिय उमेर समूहको जनसंख्यामा बढोत्तरी भइरहेको छ। हेरौं विगतका तीन दशकमा नेपालमा कसरी जनसांख्यिक लाभ दिनसक्ने उमेर समूहको जनसंख्या बढिरहेको छ।

माथिको तालिकाले के देखाउँछ भने हरेक दशकमा नेपालको जनसंख्यामा काम गर्न सक्ने जनसंख्या करिब पाँच प्रतिशतले वृद्धि भइरहेको छ। जनसांख्यिक लाभको यो अवस्थालाई सुनौलो युग, अवसरहरूको भण्डार, एक जुगमा एक पटक आउने अवसर आदि नामले चिनिन्छ। यस्तो अवसर सधैं एकनास रहँदैन। युवा अवस्थामा प्रवेश गरेको हरेक नागरिकको बुढ्यौली उमेरमा प्रवेश गर्ने सम्भावना दर हरेक वर्ष बढ्दै जान्छ।

त्यसैले देशले उत्पादनशील जनशक्ति भएको यो अवस्थामा नै विकास र समृद्धिमा फड्को मार्नुपर्दछ। यदि यो अवसर गुम्यो भने देश गरिब, पछौटेपन र कतिपय अवस्थामा कंगाल पनि हुन्छ। किनकि, एउटा समयपछि अहिलेको काम गर्नसक्ने उमेरको जनसंख्या बुढ्यौलीमा प्रवेश गर्दछ। जन्मदर घटेका कारण सक्रिय उमेर समूहको जनसंख्या घटेको हुन्छ। त्यस्तो बेला ज्येष्ठ नागरिक आश्रित अनुपात उच्च हुन्छ। त्यतिबेला राज्यको अधिकांश बजेट ज्येष्ठ नागरिकको सामाजिक सुरक्षामा खर्च हुन्छ।

#### जनसांख्यिक लाभको अवसर ५५ वर्ष

नेपालमा सक्रिय उमेर समूहको जनसंख्याको बाहुल्यता ५५ वर्षसम्म रहनेछ। यो कसैले दिएको उपहार होइन। देशको जनसंख्यामा आएको उमेरको रूपान्तरण (एज सिफ्टिङ)का कारणले हो। देशको विद्यमान जनसंख्यामा विभिन्न उमेर समूहको संरचनाका आधारमा कुनै पनि देशले जनसंख्याबाट लाभ लिनसक्ने समयको हिसाब निकालिन्छ। त्यस हिसाबले नेपाल २०४८ सालबाट जनसांख्यिक लाभको अवस्थामा प्रवेश गरेको हो। यो अवस्था २१०३ सालसम्म नेपालमा रहन्छ। यसको अर्थ नेपालले जनसांख्यिक लाभका ३२ वर्ष बिताइसकेको छ। अब हामीसँग २२ वर्षमात्र उत्पादनशील जनसंख्याको बाहुल्यता हुने समय छ। नेपालसँग बचेको करिब दुई दशक समयलाई अब कसरी पूर्णरूपमा सदुपयोग गरेर समृद्धि हासिल गर्ने त्यसका बारेमा सरकारले ठोस कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

